# २३

# नेपालमा सामुदायिक वन विपरीत दिशातर्फ

**नारायण काजी श्रेष्ठ**

## गौरव गर्न सकिने उपलब्धिहरू

(...) पारिस्थितिकीय सर्वनाश भएको देशको अवस्था पार गरेर नेपाल आज सामुदायिक वनको देश भनेर चिनिने अवस्थामा पुगेको छ । विगत दशकहरूमा सामुदायिक वनको क्षेत्रमा अत्यधिक प्रगति भएको छ । आज लगभग नौ हजारभन्दा बढी उपभोक्ता समूहहरूले छ लाख हेक्टरभन्दा बढी लहलहाउँदो र हरियालीपूर्ण वनको व्यवस्थापन गरिरहेका छन् । सुदृढ राजनीतिक प्रतिबद्धता नभएको भए यसो हुन सम्भव थिएन । वनसम्बन्धी नीति नियम (वन विकास गुरुयोजना सन् १९९८, वन ऐन सन् १९९३ र वन नियमावली सन् १९९५) धेरै उदार भएकोले संसारका अन्य कतिपय देशहरूका लागि हाम्रो देश उदाहरणयोग्य बनेको छ। वास्तवमा सामुदायिक वन आन्दोलनले दिगो स्रोत व्यवस्थापनको प्रकृयामार्फत् प्रजातन्त्र एवं विकेन्द्रीकरणलाई दिगो पार्ने तथा गरिबी निवारणमा समेत सहयोग पुर्‍याउने कुरामा आशावादी बनाएको छ । यही कारणले प्रसिद्ध स्वीस नागरिक टोनी हागनले एउटा अन्तर्वार्ता (हिमाल, असार १-१५, २०५६) मा "सामुदायिक वन क्षेत्रको जस्तै प्रजातान्त्रिक अवधारणा र प्रकृया विकासका अन्य क्षेत्रहरूमा पनि अपनाउने हो भने नेपाल चाँडै नै एशियाको स्वीजरल्याण्ड बन्न सक्छ" भनेका छन् ।

सामुदायिक वन भनेको वनमा रूख बिरुवाको पुनरुत्पादन र उपभोक्ताहरूको आवश्यकता परिपूर्ति मात्र नभई (यद्यपि यो पनि एकदमै महत्वपूर्ण कुरा हो) स्थानीय उपभोक्ताहरूलाई आमसहमतिबाट निर्णय गर्ने कुरामा सहयोग पुर्‍याउने प्रजातान्त्रिक सिद्धान्तमा आधारित एउटा प्रकृया र अभियान पनि हो । यस प्रकार सामुदायिक वन प्रजातन्त्रको अभ्यास, लैङ्गिक सन्तुलन, न्यायोचितता, सामाजिक न्याय, विविधताप्रतिको सम्मान, सुशासनको साथै दिगो स्रोत व्यवस्थापनका कुराहरू सिक्ने विद्यालय भएको

*सामयिक प्रकाशन* (सामुदायिक वन उपभोक्ता महासङ्घ) पूर्णाङ्क १२, ४(३): ९-१४, जेठ-अषाढ २०५८ मा प्रकाशित ।

छ । देशको झण्डै एक चौथाई जनसङ्ख्या सामुदायिक वनको अभियानमा सामेल भइसकेका छन् र अरू बाँकी पनि यसमा सामेल हुन र सिक्नका लागि अधैर्य भएर पर्खिरहेका छन् ।

## सिक्काका दुई पाटाहरू

वन विकासको इतिहासमा अर्को पाटो पनि छ भन्ने कुरालाई हामीले स्वीकार्नु पर्ने हुन्छ । शताब्दीयौँ पहिले शाहवंशी राजाहरूले जनताको वन माथिको अधिकारमा अतिक्रमण गरे । शाहकालका राजाहरूले वन्यस्रोतहरू सिपाहीहरूलाई तलब, भत्ता, बहादुरीको लागि पुरस्कार, विरोधी व्यक्तिहरूलाई आफ्नो पक्षमा ल्याउन र वन फँडानी गरेर बस्ती बसाइ त्यसबाट राजस्व उठाउनका लागि समेत प्रयोग गर्ने गर्थे । यसपछि राणाहरूको शासनकालमा साझा सम्पत्तिको रूपमा रहेको वन जनताबाट खोसेर निजी बनाइ आफ्ना नातेदारहरू, भाइ-भारदारहरू तथा उनीहरूका चाकरीदारहरूलाई बाँड्ने काम भयो । सन् १९५० पछि पनि वन क्षेत्रमा राणाकालीन यो संस्कार यथावतै रह्यो । अझै पनि वनलाई आफ्नै बपौती ठान्ने संस्कार केही उच्च पदस्थ कर्मचारीहरूमा पाइन्छ ।

यसरी हेर्दा ऐतिहासिक कालदेखि आजसम्म प्रशासक र सर्वसाधारणको बीचमा वनको स्वामित्वसम्बन्धी खिँचातानी चल्दै आएको छ र भविष्यमा पनि यो लडाइँ सजिलै समाप्त नहुने देखिन्छ । हाल आएर नेपालको सामुदायिक वन आफ्नो पक्षको लडाइँमा पछाडि पर्न लागेको अवस्था आए जस्तो हुन थालेको छ ।

## सामुदायिक वनलाई कमजोर पार्ने प्रयासहरू

केही वर्षपहिले सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपालको जन्म भएयता यो संस्था उपभोक्ताहरूको वन्य स्रोत व्यवस्थापन गर्ने अधिकार संरक्षणको कुशल रक्षकको रूपमा अगाडि आएको छ । केही वन कर्मचारीहरूले महासङ्घको स्थापनालाई सहज रूपमा लिएका छैनन् । वन र यसका उपभोक्ताहरूमाथि रहेको उनीहरूको एकलौटी नियन्त्रणलाई महासङ्घले चुनौती दिने हुनाले यसलाई उनीहरूले खतराको रूपमा लिएका छन् । वन र यसका उपभोक्ताहरूमाथिको आफ्नो नियन्त्रण गुम्ने सम्भाव्य घाटाको असरलाई निरुत्साहित गर्ने प्रत्युत्तरको रूपमा यी पुरातनवादी शक्तिहरूले वन उपभोक्ता समितिका सदस्यहरूलाई दण्डित गर्न पाउने अधिकार जिल्ला वन अधिकारीमा फिर्ता गर्ने प्रावधान हुने गरी वन ऐन सन् १९९८ मा पहिलो संशोधन विधेयक पारित गराए । यसबाट समिति उपभोक्ता समूहप्रति नभएर जिल्ला वन अधिकृत-प्रति उत्तरदायी हुनुपर्ने बाध्यता ल्याएको हुनाले यस संशोधनले वन उपभोक्ताहरूको कानूनी अधिकार गम्भीर रूपमा हनन् भएको अवस्था सृजना गरेको छ । यसले निर्वाचित जनप्रतिनिधिहरू आफ्ना मतदाताहरूप्रति उत्तरदायी हुनपर्ने प्रजातान्त्रिक आधारभूत सिद्धान्तलाई समेत आघात पुऱ्याएको छ । केही वन कर्मचारीहरूले

उपभोक्ताहरूको व्यापक विरोध हुँदाहुँदै कपटपूर्ण तरिकाले आर्थिक विधेयकको रूपमा प्रस्तुत गरेर भए पनि उक्त संशोधन ल्याएरै छाडे ।

## अन्त्यहीन सङ्घर्ष

नेपालमा समुदायिक वन अभियान केही समयअगाडिसम्म खासगरी मध्य पहाडी क्षेत्रमा केन्द्रित रहिआएको थियो । सन् १९५७ मा निजी वनको राष्ट्रियकरण, भूमिसुधार लागू गर्न जग्गा दर्ता गर्ने एवं भौतिक पूर्वधारको विकास गर्ने जस्ता कुराहरूको नाममा वनको व्यापक विनाश भयो । यसैको फलस्वरूप खासगरी पहाडी क्षेत्रलाई ध्यानमा राखेर वन विकास गुरुयोजना (सन् १९८९) बन्यो, जसमा मध्यपहाडी क्षेत्रका उपभोक्ताहरूको चाहना र व्यवस्थापन गर्ने क्षमता अनुसारको वन क्षेत्र स्थानीय समुदायलाई हस्तान्तरण हुने भन्ने कुरा प्रष्ट उल्लेख भएको छ । यही आधार लिएर पुरातनपन्थी वन कर्मचारीहरू तराईको वन स्थानीय समुदायलाई हस्तान्तरण हुनु हुँदैन भन्ने तर्क अघि सारिरहेका छन् । पहाडी क्षेत्रमा विनाश भएका वन भन्दा तराईका वनहरू आर्थिक हिसाबले बढी मूल्यवान् छन् । यस्ता वनहरू कर्मचारी, ठेकेदार, काठ तस्कर (माफिया) र भ्रष्ट राजनीतिक नेताहरूका लागि सुनको फूल पार्ने कुखुरा जत्तिकै भई आएका छन् ।

तराईका वनहरूको उच्चतम् महत्व (मूल्य) भएकै कारणले गर्दा तराईमा सामुदायिक वन अभियानले गति लिन सकेको छैन । सन् १९९७ मा कर्मचारीतन्त्रले बारा जिल्लाको ३२,००० हेक्टर वन क्षेत्र एउटा विदेशी काठ कम्पनीलाई हस्तान्तरण गर्ने प्रयास गऱ्यो, जसले गर्दा वन क्षेत्रका क्रियाशील व्यक्तिहरू (activists) लाई ज्यादै चिन्तित तुल्यायो । यसो हुनाले ती व्यक्तिहरूले बारा जिल्लाका जनताहरूलाई वनमा भएको उनीहरूको कानूनी अधिकारबारे सचेत बनाउने प्रकृयाहरू अघि बढाउन पहल गर्न थाले । यसैको फलस्वरूप बारा जिल्लाका जनताहरू यस्तो खालको सम्झौता मान्न तयार छैनन् भन्ने कुरा वन कर्मचारीहरू, विदेशी कम्पनी र विदेशी कम्पनीलाई वनमा पस्न सहयोग पुऱ्याउने दातृसंस्थालाई पनि स्पष्ट भयो ।

विदेशी कम्पनीलाई यस्तो खालको सुविधा दिलाउने क्रममा वन विभागले बारा जिल्लाको लागि वन कार्ययोजना (अपरेसनल फरेस्ट म्यानेजमेन्ट प्लान - OFMP) बनायो र अन्य जिल्लाहरूको लागि पनि यस्ता योजनाहरू बनाइए । ओएफएमपी नामका यी योजनाहरू वन्य स्रोतमाथिको उपभोक्ताहरूको अधिकार खोस्ने अर्को प्रयत्नको रूपमा ल्याइएका थिए । उनीहरूले सम्पूर्ण तराईको वन नै उत्पादनशील र संरक्षित वनको रूपमा व्यवस्थापन गर्न नमिल्ने भन्ने हुन्थ्यो । कटानका लागि भनेर टाँचा लगाइएका रूखहरूको निरीक्षण र अध्ययनबाट यी योजनाको लक्ष्य नै तराईको बहुमूल्य काठ तस्करी गरेर बिक्री गर्नु रहेको कुरा स्पष्ट देखिन्छ ।

यसरी एकातिर तराईका जिल्लाहरूको लागि ओएफएमपी जस्ता योजनाहरू बनाइँदै थिए भने अर्कोतिर राष्ट्रिय तहमा अरू नै प्रकारका पहलहरू पनि गरिँदै थिए ।

नेपाल इन्धन संस्थान (TCN) लाई काठ बिक्री गर्ने एकलौटी अधिकार दिन मन्त्री परिषदबाट धेरै निर्णयहरू भए (पछि यसमा सुधार गरेर जिल्ला वन कार्यालयमा पनि उक्त अधिकार रहने भन्ने गरियो) । बजारमा चलेको भन्दा एक चौथाई कम पारेर काठको बिक्री मूल्य तोकियो । यसरी कम मूल्य राख्नुको कारण पहिलेदेखि नै कटान भएका काठहरू सडेपडेका छन् भनेर व्याख्या गरिएको छ तर त्यस्तो सडेको काठ कसले किन्छ ? त्यसैले वनमा क्रियाशील व्यक्तिहरू (activists) र वातावरण प्रेमीहरू उक्त निर्णयको बारेमा अझै विश्वस्त हुन सकेका छैनन् । ओएफएमपीको एरियाबाट सडेपडेका काठ सङ्कलन गरी बिक्री गर्ने नाममा गुणस्तरीय काठ कटान गर्ने र कम मूल्यमा सजिलै बिक्री गर्ने अनि त्यसलाई बढी नाफा लिई त्यही काठ बिक्री गर्ने निहित स्वार्थ रहेको स्पष्ट छ । यस्ता खालका क्रियाकलापहरू सञ्चालन भइरहेकै बेला सरकारले “हरियो रूख नकाट्ने” भन्ने परिपत्र जारी गऱ्यो र यसले उपभोक्ताहरूमा अर्को भ्रम उत्पन्न भयो ।

तराईमा सामुदायिक वनमाथि आउने यस्तै खतराको सामना गर्न ‘तराई सामुदायिक वन कार्य समूह’ (TECOFAT) को स्थापन भयो, जसमा शुरुमा १२ वटा गैरसरकारी संस्था सदस्य थिए । स्थानीय उपभोक्ताहरूलाई उनीहरूको कानूनी अधिकारबारे चेतना जागरण गराउनु, केही नमुना सामुदायिक वनहरू बनाउनु र विभिन्न सरोकारवालाहरूसँग छलफलका लागि पहल गर्नु उक्त कार्य समूहको लक्ष्य रहेको छ । यसरी कार्य समूह बनिरहेको समयमा सामुदायिक वन उपभोक्ता महासङ्घले पनि वन कर्मचारीलगायत विभिन्न सरोकारवालाहरूसँग छलफल तथा संवादको लागि पहल गऱ्यो । वन अधिकृतहरूले त्यस्ता छलफल कार्यक्रमहरूमा भाग लिन स्वीकार भने गरेनन् । उल्टै उनीहरूले सामुदायिक वन उपभोक्ता महासङ्घ र तराई सामुदायिक वन कार्य समूह मिलेर समस्या खडा गर्ने र हल्ला गर्ने काम गरिरहेछन् भन्ने दोष लगाए । वास्तवमा यी दुवै संस्थाहरूले वन विभागले गर्नुपर्ने काम गरिरहेका छन् । तराईमा सामुदायिक वन कार्यक्रम लागू गर्न नपर्ने कुनै कानूनी आधार छैन र यसरी तराईमा सामुदायिक वन लागू नगर्नु तराईका उपभोक्ताहरू माथिको अन्याय र भेदभावपूर्ण व्यवहार हो भन्ने कुरा उक्त व्यवहारबाट प्रतिविम्बित हुन्छ ।

अगष्ट १९९८ मा नेपालमा तेस्रो सामुदायिक वन राष्ट्रिय गोष्ठी सञ्चालन भयो । यसमा विभिन्न चासो समूहहरूको व्यापक सहभागिता रहेको थियो । यस गोष्ठीमा सर्वप्रथम सामुदायिक वनको दूरदृष्टि निश्चित गर्ने प्रयास भयो र स्रोतको व्यवस्थापन र सुशासनलाई सुदृढ बनाएर गरिबी निवारणमा टेवा पुऱ्याउने भन्ने परिकल्पना पनि तय गरियो । गोष्ठीमा उक्त परिकल्पनाको सम्बन्धमा विभिन्न सरोकारवालाहरूको भूमिका र उत्तरदायित्व के-कस्तो रहने भन्ने कुरा पनि निश्चित गरियो र प्रत्येक सरोकारवाला समूहहरूले आ-आफ्ना कार्ययोजना समेत निर्माण गरे । उक्त गोष्ठीका सहभागीहरूलाई उनीहरूको प्रतिबद्धता सम्झाउन र त्यसप्रति जागरुक बनाउन धेरै

प्रयासहरू भए पनि हाल आएर उक्त प्रतिवेदन रद्दीको टोकरीमा फ्याँकिएको छ। कार्यान्वयन गर्ने गराउने र सङ्गठित गरेर लैजानु पर्ने संस्थाले नै त्यत्रो आमसहमतिबाट आएका निर्णयहरूलाई एकलौटी किसिमले अनादर गर्न कसरी सकेको हो ? यसरी नेपालको सामुदायिक वनमा समस्याको मूल जरो नै यही हो भन्ने देखिन्छ।

जुलाई १९९९ मा वन विभागका उच्च पदस्थ कर्मचारीहरू र जिल्ला वन अधिकृतहरू समेतको एउटा बन्द बैठक सञ्चालन भयो। यस बैठकमा सामुदायिक वनमा उपभोक्ताको अधिकार कटौती गर्ने विभिन्न खालका निर्णयहरू भए। उदाहरणको लागि उनीहरूले पहाडी क्षेत्रको एउटा उपभोक्ता घरधुरीको लागि एक हेक्टर अनि तराईको उपभोक्ता घरधुरीको लागि चौथाई (०.२५) हेक्टर वन मात्र दिने भनी गरेको निर्णयलाई लिन सकिन्छ। यसैगरी सामुदायिक वन उपभोक्ता समूहले उठाएको राजस्व रकममा उनीहरूले कर पनि लगाएका छन्। यतिले मात्र नपुगेर उनीहरूले सामुदायिक वनको परिभाषा समेत फेरेर “सामान्य वन पैदावारसम्बन्धी आवश्यकता पूर्ति” गर्ने भनेका छन्। उक्त परिभाषामा काठको कुरा कटौती गरिएको छ। तराईमा हैसियत बिग्रेको वन क्षेत्र मात्र हस्तान्तरण गर्ने र यस्ता वनसँगैका सग्ला वनहरूलाई उत्पादनशील वन र संरक्षित वनको रूपमा राख्ने भन्ने निर्णय उनीहरूले गरे। यस्ता निर्णयहरूका बारेमा क्षेत्रीय योजना तयारी बैठकहरूमा र नेपाल वन प्राविधिक सङ्घले सञ्चालन गरेको तराई वन व्यवस्थापन गोष्ठीमा जानकारी दिइयो।

यसरी गैरकानूनी रूपमा आफ्नो अधिकार खोसिएकाले उपभोक्ताहरू रन्थनिएर प्रतिक्रियाहरू व्यक्त गर्न थाले। ५ मार्च २००१ मा तराईका सबै र अन्य जिल्ला समेत गरी ६० जिल्लाका उपभोक्ताहरू वन कार्यलयअगाडि धर्ना बसे। यस्ता प्रत्येक कार्यक्रममा दुई सयदेखि पाँचहजारसम्म उपभोक्ताहरूको सहभागिता रहेको थियो। १२ मार्चमा लगभग २५ हजार उपभोक्ताहरू काठमाडौँमा एउटा विरोध र्‍यालीमा सहभागी भए। यसमा धेरैजसो ग्रामीण महिलाहरूको सहभागिता थियो। यो विरोध र्‍यालीका सहभागीहरूले सरकारबाट ल्याउन खोजिएको वन ऐनको प्रस्तावित दोस्रो संशोधन र उपभोक्ताहरूको हक कटौती गर्ने अरू परिपत्रहरू पनि फिर्ता लिनु पर्छ भन्ने आवाज उठाए। उक्त विरोध र्‍यालीका सहभागीहरूले सरकारलाई ज्ञापन पत्र पनि बुझाए। उपभोक्ताका मागहरूप्रति नागरिक समाजका अन्य सङ्गठनहरू (जिल्ला विकास समिति महासङ्घ, गाविस महासङ्घ, सिँचाइ महासङ्घ र जल तथा उर्जा उपभोक्ता महासङ्घ)ले पनि ऐक्यबद्धता प्रदर्शन गरे। सामुदायिक वन उपभोक्ता महासङ्घले वन मन्त्री र वन राज्यमन्त्रीलाई भेटेर स्थितिको बारेमा अवगत गराउने काम पनि गर्‍यो। उपरोक्त सम्बन्धमा दातृ संस्थाहरूले पनि केही दबाब दिए र वन क्षेत्र समन्वय समिति (FSCC) को बैठकमा संशोधनबारे कुरा उठाए। यस मञ्च (FSCC) मा ९७ प्रतिशत सदस्यहरू वन प्राविधिक र दातृ संस्थाका प्रतिनिधिहरू हुन्छन्। यसमा फेकोफन (FECOFUN) पनि संलग्न छ। सामुदायिक वन उपभोक्ता महासङ्घ र जिविस, गाविस एवं अन्य सबै महासङ्घहरूले प्रस्तावित वन ऐन संशोधनको

विरोध गरे । जिविस र गाविस महासङ्घहरूले त यदि उक्त प्रस्ताव पास भयो भने त्यसलाई पालना गर्ने भए यसमा सम्बन्धित सरोकारवालाहरूसँग व्यापक रूपमा परामर्श गरिनु पर्छ भन्ने अनुरोध पनि गरे । यसो नभएमा सामुदायिक वन उपभोक्ता महासङ्घ आफैँले संशोधनको तयारी गर्नेछ भन्ने समेत उनीहरूको भनाई रह्यो ।

त्यतिबेला उपरोक्त गतिविधिहरूबारे आमसञ्चार क्षेत्रले पनि प्रशस्त समाचारहरू दिइरह्यो, जसले गर्दा सामुदायिक वनबारे वर्षौंसम्म पनि नआएका कुराहरू दश दिन भित्रमा सञ्चार माध्यमहरूबाट बाहिर आए । फलस्वरूप सवालले सबैलाई उत्प्रेरणा जगाएर व्यापक रूपमा छलफल हुन थाल्यो । राजनीतिक पार्टीहरूले समेत उक्त सवालबारे महासङ्घसँग छलफल गर्ने चासो देखाए ।

यस्तो अविश्वासको परिस्थितिमा उपभोक्ताहरूलाई काम गर्न अप्ठेरो पर्ने खालका विभिन्न परिपत्रहरू जारी गर्ने काम सरकारी कर्मचारीहरूबाटै सृजना भयो । वन कार्य-योजना बनाउँदा व्यापक रूपमा वार्षिक वृद्धिदरका कुराहरू राख्नै पर्ने बाध्यतालाई उदाहरणको रूपमा लिन सकिन्छ । व्यवस्थापनको लागि उपभोक्ताहरूलाई वन हस्तान्तरण हुन जिल्ला वन अधिकृतबाट स्वीकृत भएका वन कार्ययोजना हुनु अनिवार्य शर्त हो । यतिबेला उपभोक्ता समूहहरूसँग वार्षिक वृद्धिदरका कुराहरू (कार्ययोजनामा) राख्न ३० देखि ४० हजार रुपियाँसम्म माग गर्न थालिएका छन् । साना उपभोक्ता समूहहरूलाई त्यत्रो रकम जुटाउन एकदमै असम्भव छ । अर्कोतिर जिल्ला वन अधिकृतहरू आफूसँग उपभोक्ताहरूको मागअनुसारको सेवा पुऱ्याउन एवं वार्षिक वृद्धिदर तयार गर्न सहयोग पुऱ्याउने प्रशस्त मानव स्रोत नभएको गुनासो पनि गरिरहेका छन् । उपभोक्ताहरूले सरकारको उक्त कदम उनीहरूलाई हैरान र दुरुत्साहित गर्ने प्रयत्न हो भनेका छन् । उनीहरूले यसलाई आफ्नो स्रोतको व्यवस्थापन कसरी गर्ने भनेर निर्णय गर्ने उपभोक्ताहरूको अधिकारको हनन् हो भन्ने हिसाबले पनि लिएका छन् ।

सन् २००० को मे महिनामा मन्त्री परिषद्बाट फेरि अर्को निर्णय जारी गरियो । उक्त निर्णयअनुसार तराईमा नाङ्गा, उजाड र सानासाना टुक्राबाहेक अरू वन सामुदायिक वनको रूपमा हस्तान्तरण गर्न रोक्का गरियो । त्यस्ता वनका उपभोक्ताहरूले पत्कर तथा स-साना हाँगाबिँगा सङ्कलन गर्नु पर्दा समेत बिनापैसा श्रम पनि गर्नुपर्ने भयो । आफ्नो समूहभन्दा बाहिर कुनै वन-पैदावार बिक्री गर्नु परेका उपभोक्ताहरूले ४० प्रतिशत कर तथा १० प्रतिशत मूल्यवृद्धि कर समेत तिर्नुपर्ने प्रावधान राखियो । यसरी वन-पैदावारबाट उठाइएको आम्दानीको २५ प्रतिशतसम्म जिविस र गाविसलाई दिइने भनेर स्थानीय सरकारको मन जित्ने प्रयत्न समेत गरियो । मन्त्री परिषदबाट आएको यस्तो निर्णयलाई वन कर्मचारीहरूले हार्दिकताका साथ लिएर ठूलै शक्ति लगाएर उक्त निर्णय लागू गराउन थाले । तर वन उपभोक्ताहरूले यस निर्णयको व्यापक विरोध गरिरहेका छन् र उक्त निर्णयलाई चुनौती दिने मुद्दाहरू अदालतमा थुप्रै छन् ।

नेपालमा विगत केही वर्षयता राष्ट्रिय जैविक विविधता कार्ययोजना (NBAP) विकसित गर्ने प्रकृया अगाडि बढाउँदै लगिएको छ । यसको निर्माण प्रकृयामा

सम्बन्धित सबै पक्षलाई समेटनु पर्ने भए पनि यसमा सबैजसो वन अधिकृतहरूको मात्र संलग्नता रहेको छ। यसमा वन उपभोक्ता, महिला, अवसरबाट वञ्चित समूह र वनमा क्रियाशील व्यक्तिहरू (activists) को संलग्नता एकदमै कम छ। वन क्षेत्र समन्वय समिति (FSCC) को बैठकमा राष्ट्रिय जैविक विविधता कार्ययोजना स्वीकृतिको लागि प्रस्तुत गरिएको थियो । त्यस बैठकमा जसबाट विरोध आउन सक्थ्यो ती सदस्यहरूलाई बोलाइएको थिएन। राष्ट्रिय जैविक विविधता कार्ययोजनामा संरक्षित वन क्षेत्र भनी वर्गीकरण गरिएका थुप्रै जैविक मार्गहरू पहिचान गरिएका छन्। त्यस्ता संरक्षित वन क्षेत्रको व्यवस्थापन जिल्ला क्षेत्रीय वन संरक्षण अधिकारीको मातहतमा हुने गर्छ। जसले वन उपभोक्ताहरूलाई सित्तैमा वन श्रमिक हुन बाध्य तुल्याउँछ। योजना भित्रका सम्पूर्ण जैविक मार्गहरू संरक्षित वन भए भने समुदायले व्यवस्थापन गर्न पाउने वन एकदमै कम मात्र हुनेछन्। वनका क्रियाशील व्यक्तिहरूद्वारा राष्ट्रिय जैविक विविधता कार्ययोजना प्रस्तावित भएको थाहा पाएर उनीहरूले पनि यसको विरोधमा एउटा टिप्पणी तयार गरे, किनभने उक्त योजना तयार गर्दा अपनाउनु पर्ने प्रकृया पनि अपनाइएको थिएन र अर्कोतिर यसले सामुदायिक वन विकास कार्यक्रममा उल्टो असर पार्न सक्थ्यो ।

वन मन्त्रालयले वनसम्बन्धी नीतिमा पुनरावलोकन गर्ने एक पक्षीय निर्णय गरेको छ । उक्त पुनरावलोकनमा विदेशी विशेषज्ञहरू र वन मन्त्रालयका कर्मचारीहरू मात्र सहभागी भएका छन्। वनमा क्रियाशील व्यक्तिहरू (activists) र उपभोक्ताहरूको विचारमा अहिले वनसम्बन्धी नियम पुनरावलोकन गरिरहनु जरुरी छैन (भैराखेकै नीतिलाई कार्यन्वयन गर्नु भने जरुरी छ) । तर मन्त्रालयले यस कुरालाई वास्ता नगरी आफ्नो सुर छाडेन र उक्त पुनरावलोकनका लागि थुप्रै कार्यदलहरू बनायो । यस्ता कार्यदलहरूमा खासगरी विदेशी विशेषज्ञहरू र वन मन्त्रालयको योजनालाई समर्थन गर्ने केही नेपाली विशेषज्ञहरूलाई पनि संलग्न गराइयो। माथि उल्लिखित कामहरूको कुनै परिणाम आउनुभन्दा पहिले नै वन विभागले वन ऐन सन् १९९३ मा दोस्रो संशोधन गर्ने निर्णय गऱ्यो । उक्त संशोधन मे २००० मा मन्त्रिपरिषदले गरेका निर्णयहरूसँग मिल्दो प्रकृतिको देखिन्छ।

उपभोक्ताहरू र सामुदायिक वनका क्रियाशील व्यक्तिहरू यसबाट धेरै दुःखी भए र दुवैथरी अहिले वन विभाग र वन मन्त्रालयसँग यो संशोधनको आशय के हो भनी प्रश्न गरिरहेका छन्। कर्मचारीतन्त्रले हालसालै चालेका कदमहरू उपभोक्ताहरूको हक र उनीहरूले पाउने फाइदाको विपरीत छन् भन्ने कुरा उनीहरूले बुझेका छन्। उक्त प्रकृयालाई यदि यही चालाले अगाडि बढिरहन दिने हो भने सामुदायिक वन आन्दोलन र यसबाट प्राप्त उपलब्धिहरू खत्तम भएर जानेछन् भन्ने कुरामा उनीहरूलाई ज्यादै चिन्ता छ। यसको साथै वनलाई सुव्यवस्थित गर्न चाहनेहरू र निहित स्वार्थको लागि सामुदायिक वनलाई नै खत्तम गर्न चाहनेहरूका बीचमा डरलाग्दै भिडन्त पर्ला कि भन्ने समेत उनीहरूलाई चिन्ता छ। यसको अन्तिम परिणति भनेको सरकारी

नीतिमा र सरकारको तर्फबाट गरिएका वचनबद्धतामा विश्वास नभएर वन जङ्गलको सर्वनाश हुनु नै हुनेछ ।

यतिबेलाको परिस्थिति दातृ संस्थाहरू र उनीहरूले सहयोग पुऱ्याइ आएका परियोजनाको समेत परीक्षाको घडी हो । धेरै वर्षअगाडिदेखि यिनीहरू (दातृ संस्थाहरू)ले सामुदायिक वनले प्रजातन्त्रलाई सहयोग पुऱ्याउँदैछ र यो प्रकृया गरिबी निवारण गर्ने साधन हुन सक्छ भन्ने कुरामा प्रतिबद्धताको घोषणा गर्दै आएका छन् । उपभोक्ताहरूको अधिकार खोस्ने कुरामा कर्मचारीतन्त्रले जित्यो भने दातृ संस्थाहरूले आफ्नो सहयोगलाई कुन रूपमा निरन्तरता दिने र कुन कुराले त्यसको औचित्य सिद्ध गर्न सक्लान् ? हेर्दै जाऔँ, के हुने हो ।

वन क्षेत्र समन्वय समितिको सबैभन्दा पछिल्लो बैठकमा आएका कुराहरू भने निकै आशालाग्दा छन् र यदि ती कुराहरू लागू भए भने वन ऐनमा हुने दोस्रो संशोधनको प्रस्ताव बनाउन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूसँग व्यापक रूपमा परामर्श हुन सक्छ । सामुदायिक वनको भावनाअनुसार सबै सरोकारवालासँग बसेर आमसहमतिको आधारमा निर्णय हुनेछ भन्ने कुरामा आशा र प्रार्थना गरौँ ।

*तालिका १: सामुदायिक वन आन्दोलनको पृष्ठभूमि सृजना गर्ने महत्वपूर्ण घटनाक्रमहरू*

| मुख्य घटनाहरू | असरहरू | मिति |
|---|---|---|
| १. बाराको वन विदेशीलाई सुम्पने षडयन्त्र | समुदायको वनमाथिको हक कुण्ठित | २०५२।०५३ |
| २. वन ऐनमा पहिलो संशोधन | समूहको अधिकार कटौती | २०५५ |
| ३. टी.सी.एन.लाई काठमा एकाधिकार दिनु | सामुदायिक वनमा हस्तक्षेप | २०५४।१०।२७ |
| ४.तराईमा ओएफएमपी (operation forest management plan) लादिनु | वन हस्तान्तरण हुन नदिनु | २०५२।०५३ |
| ५. वन अधिकृतहरूको राष्ट्रिय गोष्ठी | स्थानीय निकायको अपमान | २०५३।४।१७ |
| ६. वन प्राविधिकहरूको राष्ट्रिय गोष्ठी | वनमा जनताको पहुँच घटाउने | २०५६।१०।२७-२८ |
| ७. सामुदायिक वन निर्देशिका संशोधन | अव्यावहारिक प्रकृया समावेश गर्नु | २०५६ माघ |
| ८. मन्त्री परिषद्बाट तराई वनसम्बन्धी निर्णय | गैरकानूनी रकम असुल गर्न शुरु | २०५६।१।१९ |
| ९. जनसहभागिताबिना एकलकाटे रूपमा जैविक विविधता कार्ययोजना निर्माण | सामुदायिक वन विस्तारमा प्रतिकूल असर | २०५७ |
| १०. सामुदायिक वन नीतिमा संशोधनको शुरुआत | सामुदायिक वनलाई अनावश्यक रूपमा प्राविधिकरण गर्न शुरु | २०५७ |
| ११. वन ऐनमा दोस्रो संशोधन प्रयास | सामुदायिक वनलाई ह्रासोन्मुख बनाउने | २०५७ |

*स्रोत:* न्यौपाने तथा श्रेष्ठ (२०५८), *फेकोफन,* सामयिक प्रकाशन ४(२): २ ।

♦